पात्र कथाको एउटा व्यक्ति हो। पात्र कुनै जनावर वा देवी र देवताहरू जस्ता अन्य कुनै प्राणी पनि हुन सक्छन्। यो सत्रमा तपाईले चित्रमा भएका पात्रहरू कस्ता देखिन्छन् भनेर वर्णन गर्नुपर्नेछ।

१. दिइएका तिन पात्रहरू हेर्नुहोस्। समूहमा तिनीहरू कस्ता देखिन्छन् भनेर वर्णन गर्नुहोस्।





उदाहरण:
यो वृद्ध मानिसको चित्र हो। उनको कपाल कैलो छ र उनले टोपी लगाएका छन्।

सोध्नुहोस्:
- यो पात्र मानिस हो कि जनावर?
- उनको कपाल कुन रङ्गको छ?
- उनले के लगाएका छन्?

२. सबैले जानेको एउटा प्रख्यात पात्र छान्नुहोस्।
यो सबैले जानेको कथाको पात्र वा देवी वा देवता पनि हुनसक्छ।
समूहमा त्यो पात्र कस्तो देखिन्छ भनेर वर्णन गर्नुहोस्।

३. दुई जनाको समूहमा काम गर्नुहोस्। हरेकले पुस्तकालयबाट एउटा पुस्तक छान्नुपर्छ।
कुनै एक पात्रको चित्र छान्नुहोस् र आफ्नो साथीलाई त्यस पात्रको बारेमा तिनओटा कुराहरू बताउनुहोस्।
तपाईंको साथीले तपाईंको पुस्तक हेरेर तपाईंले वर्णन गर्नुभएको पात्रको अनुमान गर्नुपर्छ। त्यसपछि भूमिका परिवर्तन गर्नुहोस्। तपाईंको साथीले पात्र छान्नुहुन्छ अनि तपाईंले त्यो कुन चित्र हो भनेर अनुमान लगाउनु पर्छ।

४. दुई जनाको समूहमा काम गर्नुहोस्। हरेकले एउटा पात्रको सृजना गरेर त्यस पात्रको चित्र बनाउनुपर्छ।
तपाईंको साथीसँग चित्र साट्नुहोस्।
तपाईंको साथीको पात्रका तिन कुराहरू वर्णन गर्नुहोस्।

विद्यार्थीहरूले पात्रको उचाइ, आकार, कपालको रङ्ग, आँखाको रङ्ग, कपडा वा कुनै चाखलाग्दो शारीरिक विशेषताहरू बताउन सक्छन्।

चित्र बनाउने सामाग्रीहरू उपलब्ध छैनन् भने तपाईंको समूहका सदस्यहरू दुईजनाको समूहमा काम गर्न सक्नेछन् र एउटा पात्रको सृजना गर्न सक्नेछन्। तिनीहरूले बाँकी समूहलाई आफ्नो पात्र कस्तो देखिन्छ भनेर वर्णन गर्नुपर्छ। समूहले त्यस्तो पात्र भएको एउटा कथा सुझाउनुपर्छ।


elektra media Published by Elektra Media Ltd

Istambha Nepal